घोडाघोडी स्थानीय राजपत्र

# घोडाघोडी नगरकार्यपालिकाको कार्यालय द्वारा प्रकाशित

सुखड, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

| भाग २ | वर्ष ५ | अंक ४३ | २०७८ मंसीर १६ गते, विहिवार |
|---|---|---|---|

घोडाघोडी नगरकार्यपालिकाबाट मिति २०७८।०८।०७ मा स्वीकृत भएको कृषक स्वयंसेवक परिचालन कार्यविधि २०७८, स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम सार्वजनिक जानकारीका लागि प्रकाशन गरिएको छ ।

# कृषक स्वयंमसेवक परिचालन कार्यविधि २०७८

घोडाघोडी नगरपालिकामा स्वयंसेवक परिचालन तथा स्वयंसेवकको प्रबर्द्धन गर्न तथा नगरपालिकाबाट प्रदान गरिने सार्वजनिक सेवालाई प्रभावकारी गुणस्तरिय र परिणाममुखी बनाई नगरको समग्र विकासमा योगदानका लागि स्वयंसेवक परिचालन गर्न वाञ्छनिय भएकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २(द) ले दिएको अधिकार प्रयोग गरि घोडाघोडी नगरपालिकाले यो "कृषक स्वयंसेवक परिचालन कार्यविधि २०७८" लागु गरेको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

**१-संक्षिप्त नाम र प्रारम्भः**

१) यस कार्यविधिकों नाम घोडाघोडी नगरपालिकाको "कृषक स्वयंसेवक परिचालन कार्यविधि २०७८" रहेको छ ।

२) यो कार्यविधि नगरकार्यपालिका बाट स्वीकृत भएपछि तुरुन्त लागु हुने छ ।

२-परिभाषाः(१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) "कार्यविधि" भन्नाले "कृषक स्वयंसेवक परिचालन कार्यविधि २०७८" रहेको छ ।

ख) "स्वयंसेवा" भन्नाले परम्परागत रुपमा समाजमा विद्यमान रहेको तथा व्यवसायिक प्राविधिक सेवा वा संगठित वा एकल रुपले प्रदान गर्न स्वयंसेवी कृयाकलापलाई बुझाउछ ।

ग) "स्वयंसेवक" भन्नाले स्वस्फुर्त रुपमा सुविधा लिई वा नलिई स्वयंसेवी कृयाकलापमा संलग्न हुने व्यक्तिलाई जनाउछ ।साथै यस शब्दले यस कार्यविधि अनुरुप परिचालन गरिने स्वयंसेवक लाई समेत जनाउछ ।

घ) "नगरपालिका" भन्नाले घोडाघोडी नगरपालिकालाई सम्झनु पर्दछ ।

ङ) "कार्यपालिका " भन्नाले घोडाघोडी नगरपालिकाको कार्यपालिका लाई सम्झनु पर्दछ ।

च) "स्थानिय तह" भन्नाले घोडाघोडी नगरपालिकालाई जनाउछ ।

छ) "संघ-संस्थाहरु " भन्नाले नेपाल सरकार, प्रदेश सरकार र स्थानिय तहका सम्बन्धित निकायमा दर्ता भएका संगठित संस्थाहरुलाई जनाउछ ।

ज) "प्राविधिक सहयोग " भन्नाले स्वयंसेवक परिचालन गरिने सरकारी/सामुदायिक/सहकारी संघ संस्था जस्ता निकायहरु बाट सम्पादन गरिने कार्यमा सहयोग गर्ने उदेश्य बाट खटाईएका प्राविधिक तथा व्यवसायिक जनशक्तिलाई जनाउछ ।

झ) "सर्वजनिक सेवा " भन्नाले नेपाल सरकार, प्रदेश सरकार र स्थानिय तहले सार्वजनिक रुपमा उपभोग गर्ने गरि व्यवस्था गरेका सेवाहरुलाई बुझाउछ ।

ञ) "कार्यकारी समिति" भन्नाले स्थानिय कृषक स्वयंसेवक कार्यक्रम संचालन तथा कार्यान्वयन गर्न दफा ६ बमोजिम गठित समितिलाई जनाउछ ।

ट) "निर्देशक समिति" भन्नाले स्थानीय कृषि स्वयंसेवक सम्बन्धी नीतिगत मार्गदर्शन गर्न दफा ४ बमोजिम गठित समितिलाई बुझाउछ ।

## परिच्छेद -२
## स्वयंसेवक परिचालको उदेश्य तथा क्षेत्र

३-स्वयंसेवक परिचालनका उदेश्य तथा आधारहरुः

१) समुदायस्तरबाटै स्वयं सेवी भावनाको प्रबर्द्धन गर्ने सार्वजनिक सेवा प्रवाहमा सहजिकरण गर्ने ।

२) स्थानीय तहमा कृषि सेवा तथा पशु सेवा अन्तरगतका विषय क्षेत्रसँग सम्बन्धित जनशक्तिलाई स्वयंसेवकको रुपमा परिचालन गरिने छ ।

३) कृषक स्वयंसेवक सेवा बाट स्वयंसेवक परिचालन गर्दा देहाय बमोजिमका विषयहरुलाई प्रमुख आधारको रुपमा लिईने छः

   क) नगरपालिकाको प्रशासनिक संगठन बाट आवश्यक मात्रामा कृषक हरुलाई अप्राविधिक वा प्राविधिक सेवा प्रदान गर्न नसकिएका क्षेत्रहरुमा सहजिकरण गर्ने ।

   ख) स्वयंसेवकहरुको परिचालन गर्दा भूगोल, दुर्गमता तथा मानव विकास सुचकाङ्कको आधारमा पिछडिएको क्षेत्रफलहरुलाई प्राथमिकाता दिने ।

   ग) समाबेशी सिध्दान्त अवलम्बन गर्ने ।

   घ) "कृषक स्वयंसेवक परिचालन कार्यविधि २०७८"तथा निर्धारित बजेट सिमामा रही स्वयंसेवक परिचालन गर्ने ।

४) स्वयंसेवक परिचालनका लागि सहकार्य गरिने निकायहरुः

   क) संघ, प्रदेश र स्थानीय निकायहरू ।

   ख) सहकारी तथा सामुदायिक संघ संस्थाहरू ।

   ग) विकास साझेदार राष्ट्रिय र अन्तराष्ट्रिय संघ संस्थाहरू ।

५) नगरपालिका अन्तरगत स्वयंसेवक परिचालन गरिने छ ।

६) स्वयंसेवक परिचालन गर्ने निकायले वहन गर्नुपर्ने जिम्मेवारीः

   क) नियुक्त भएका स्वयंसेवक लाई तत्काल जिम्मेवारी दिइ काममा लगाउने ।

   ख) स्वयंसेवकको कार्यसम्पादन, मुल्यङकन र सुपरिवेक्षण गर्ने ।

   ग) स्वयंसेवकहरुले पाउने तोकिए वमोजिमका सेवा सुविधाहरु सरल र सहज रुपमा उपलब्ध गराउने ।

   घ) स्वयंसेवकहरुलाई वृत्ति विकास, क्षमता विकास र ब्यक्तित्व विकास सम्बन्धिका अवसरहरुमा सहभागी गराउने ।

## परिच्छेद -३
## संस्थागत व्यवस्था

**४.निर्देशक समितिको गठनः**

(१) स्वयंसेवा र स्वयंसेवक परिचालन सम्बन्धमा नीतिगत मार्गदर्शन गर्न देहायबमोजिमको निर्देशक समिति रहने छः

| | |
|---|---|
| नगर प्रमुख | अध्यक्ष |
| नगर उप प्रमुख | सदस्य |
| प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| प्रशसन शाखा प्रमुख | सदस्य |
| आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| पशु सेवा शाखा प्रमुख | सदस्य |
| कृषि विकास शाखा प्रमुख | सदस्य सचिव |

(२) निर्देशक समितिको बैठकमा आवश्यकता अनुसार विषय विशेषज्ञलाई आमन्त्रण गर्न सकिने छ।

(३) निर्देशक समितिको बैठकको संचालन तथा व्यवस्थापन देहाय बमोजिम हुनेछः

क) अध्यक्षको निर्देशनमा सदस्य सचिवले समितिको बैठक बोलाउने छ ।

ख) निर्देशक समितिको बैठक आवश्यकता अनुसार बस्ने छ ।

**५. निर्देशक समितिको काम, कर्तब्य र अधिकारः**

(१) स्वयंसेवाको समग्र विकास र प्रबर्द्धनका लागि सहजिकरण गर्ने सम्बन्धमा निर्देशक समितिको काम, कर्तब्य र अधिकार देहायबमोजिम हुनेछः

क) स्वयंसेवा सम्बन्धि नीति तर्जुमा गर्ने ।

ख) स्वयंसेवकहरुको दरबन्दी र स्वयंसेवकलाई दिईने सुविधाहरु निर्धारण गर्ने ।

ग) स्वयंसेवक परिचालनका लागि आवश्यक पर्ने श्रोतको व्यवस्था गर्ने ।

घ) कार्यकारी समितिलाई आवश्यक निर्देशन दिने ।

ङ) कार्यक्षत्रको अनुगमन गरी आवश्यक निर्देशन दिने ।

**६.कार्यकारी समितिको गठनः** (१) स्वयंसेवक सेवा मार्फत कार्यक्रम संचालन गर्दा व्यवस्थापकिय निर्देशन एवं निर्णय गर्न देहाय बमोजिमको कार्यकारी समिति रहने छः-

| | |
|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | अध्यक्ष |
| प्रशासन शाखा प्रमुख | सदस्य |
| पशुसेवा शाखा प्रमुख | सदस्य |
| रोजगार सेवा केन्द्र प्रमुख | सदस्य |
| कृषि विकास शाखा प्रमुख | सदस्य सचिव |

(२) कार्यकारी समितिको बैठकको संचालन तथा व्यवस्थापन देहाय बमोजिम हुनेछः

क) अध्यक्षको निर्देशनमा सदस्य सचिवले समितिको बैठक बोलाउने छ ।

ख) कार्यकारी समितिको बैठक आवश्यकता अनुसार बस्ने छ ।

ग) कार्यकारी समितिले बैठक सम्बन्धी आफ्नो कार्यविधि आफै तयार गर्न सक्ने छ ।

**७. कार्यकारी समितिको काम,कर्तब्य र अधिकारः** (१) स्वयंसेवक व्यवस्थापन कार्यलाई सहजिकरण गर्ने सम्बन्धमा कार्यकारी समितिको काम, कर्तब्य र अधिकार देहायबमोजिम हुनेछः

क) स्वयंसेवक परिचालनको मोडालिटि तयार पार्ने ।

ख) निर्देशक समिति बाट स्वीकृत पद तथा संख्या एकिन गर्ने ।

ग) स्वयंसेवकहरुको कार्यक्षेत्र तोकी जिम्मेवारी विभाजन गर्ने ।

घ) स्वयंसेवकहरुको कार्यशर्त निर्धारण गर्ने ।
ङ) स्वयंसेवक भर्ना, छनौट, सुचिकरण सम्बन्धी आधारहरु तर्जुमा गर्ने ।
च) स्वयंसेवकको नियुक्तिको लागि छनौट सुचि स्वीकृत गर्ने ।
छ) स्वयंसेवकको म्याद थप सम्बन्धी निर्णय गर्ने ।
ज) स्वयंसेवकहरुलाई दिईने पुरस्कार र सम्मानको विषयमा आवश्यक निर्णय गर्ने ।
झ) स्वयंसेवक परिचालन सम्बन्धमा अन्य आवश्यक निर्णयहरु गर्ने ।

## परिच्छेद -४
## दरबन्दी संरचना, छनौट, नियुक्ति र पदस्थापन

**८. दरबन्दी व्यवस्थाः** (१) कृषक स्वयंसेवक सेवा अन्तरगत परिचालन हुने स्वयंसेवकका लागि स्थानीय तहमा तोकिए बमोजिमको अस्थाई प्रकृतिको दरबन्दी रहने छ।

**९.स्वयंसेवकको आवेदन सम्बन्धी व्यवस्थाः (१)** कृषक स्वयंसेवक सेवा अन्तरगत स्वयंसेवक भई कार्य गर्न चाहने ब्यक्तिहरुका लागि तोकिएको विषय क्षेत्र र पदमा आबेदन दिन सक्ने व्यवस्था गरिने छ ।

**१०.आबेदकहरुको सुचिकरणः** (१) कृषक स्वयंसेवक सेवा अन्तरगत स्वयंसेवकको रुपमा कार्य गर्न चाहने ईच्छुक ब्यक्तिहरुलाई सम्बन्धित पदको लागि प्रमाणित योग्यता सहित सुचिकृत गरिने छ । सामन्यतया सुचिकरण प्रक्रिया देहाय बमोजिम हुनेछः

क) आबेदकले सुचिकरणकालागि नगरपालिकामा सुचना प्रकाशन भएको समयमा निवेदन दिएर सुचिकृत हुनुपर्नेछ ।
ख) एक पटक सुचिकृत भईसकेपछि १(एक) बर्ष सम्म आवेदकको बैधता रहने छ ।
ग) प्राप्त आवेदनहरु छानविन रुजु गरी सो उपर स्वीकृति तथा अस्वीकृतिको निर्णय गरिने छ।

**११.स्वयंसेवक हुने योग्यताः** (१) कृषक स्वयंसेवक सेवा अन्तरगत स्वयंसेवकको योग्यता देहाय बमोजिम हुनेछः-

क) नेपाली नागरिक हुनुपर्ने छ ।
ख) स्वयंसेवक भई कार्य गर्न उमेरको हदबन्दि लाग्ने छैन।
ग) मान्यता प्राप्त शैक्षिक संस्था बाट बाली/पशु विज्ञान विषय लिई जे.टि.ए. पास वा सो सरहको योग्यता हासिल गरेको हुनुपर्ने छ ।
घ) घोडाघोडी नगरपालिकाको स्थायी बासिन्दा हुनुपर्ने छ ।

**१२.स्वयंसेवक छनौट तथा परिचालनः** (१) कृषक स्वयंसेवक सेवा अन्तरगत परिचालन हुने स्वयंसेवकहरुको छनौट देहाय बमोजिमका आधारहरुमा गरिने छः

क) कृषक स्वयंसेवक सेवाका लागि प्राप्त आबेदनहरुलाई संकलन गरि सुचि तयार पारिनेछ।
ख) स्वयंसेवक नियुक्तिका लागि आबेदन गर्ने ब्यक्तिहरुका लागि संचालन गरिने लिखित तथा मौखिक परिक्षा वा अन्तरवार्ताका आधारमा छनौट गरिने छ ।
ग) सम्बन्धित वडामा बसोबास भएको व्यक्तिलाइ प्राथमिकता दिईने छ ।
घ) सहकार्य गर्न ईच्छुक संघ संस्थाका लागि अस्थायी प्रकृतिको दरबन्दिमा सुचिकृत स्वयंसेवक मध्येबाट स्वयंसेवक परिचालन गर्न सक्नेछ ।

**१३.स्वयंसेवकको नियुक्तिः** (१) कृषक स्वयंसेवक सेवा अन्तरगत परिचालन हुने स्वयंसेवकहरुको नियुक्ति प्रक्रिया देहाय बमोजिमका आधारहरुमा गरिने छः

क) कार्यकारी समितिको निर्णय अनुसार अस्थायी प्रकृतिको दरबन्दी अनुसार स्वयंसेवकको नियुक्ति गर्ने छ ।
ख) नियुक्त गरिएका स्वयंसेवकलाई वडा स्तरमा काम गर्ने गरि खटाईनेछ।
ग) नियुक्त गरिएका स्वयंसेवकलाई सामान्य अभिमुखिकरण कार्यक्रम गरिने छ ।

घ) नियुक्ति मितिले १५ दिन भित्र नियुक्तिपत्र नबुझे स्वतः रद्द हुने छ र सो स्थानमा अर्को उम्मेदवार लाई नियुक्ति गरिने छ ।

ङ) नियुक्ति भई न्युनतम ६ महिना काम गरे पश्चात मात्र अनुभवको प्रमाणपत्र दिइने छ ।

**१४.स्वयं सेवकको पदस्थापनः** (१) कृषक स्वयंसेवक सेवा अन्तरगत परिचालन हुने स्वयंसेवकहरुको पदस्थापन देहाय बमोजिम हुने छः

क) "कृषक स्वयंसेवक परिचालन कार्यविधि २०७८" अनुसार छनौट भएका स्वयंसेवक हरुलाई घोडाघोडी नगरपालिकाका वडा अन्तरगत कामकाज गर्ने गरी खटाईने छ।

ख) स्वयंसेवक सेवामा खटिएर आएका स्वयंसेवकलाई सम्बन्धित वडा कार्यालयले पनि कामकाजका लागि खटाउन सक्ने छ। सो को जानकारी नगरपालिका स्थित कृषि विकास शाखामा गराउनु पर्नेछ ।

ग) खटाईएको वडामा कृषि विकास शाखाद्वारा सञ्चालन हुने कार्यक्रमहरु कार्यान्वयनमा सहजिकरण गर्ने ।

घ) वडा भित्रका कृषक समुह, कृषक सहकारी तथा कृषि फर्महरुको तथ्याङ्क संकलन गर्ने, मासिक बैठक, कार्ययोजना निर्माण तथा अन्य आवस्यक कार्यमा समन्वय गर्नु पर्ने छ ।

ङ) वडा अन्तर गतका कृषक हरुको सुचि तयार पर्ने र वालि अनुसारको क्षेत्रफलको विवरण तयार पारी मासिक रुपमा प्रगति विवरण नगरपालिकामा पेश गर्नुपर्ने छ।

**१५.स्वयं सेवकको अवकाश:** (१) कृषक स्वयंसेवक सेवा अन्तरगत परिचालन हुने स्वयंसेवकहरुको अवकाश देहाय बमोजिमको अवस्थामा हुने छः

क) खटाएको वडामा वा कार्यस्थलमा काम नगरेमा ।

ख) सन्तोसजनक रुपमा कार्यसम्पादन नगरेमा ।

ग) खराव आचरण प्रदर्शन गरेमा ।

घ) निजले राजिनामा दिएमा ।

ङ) कुनै फौजदारी अभियोग लागेको प्रमाणित भएमा ।

च) निजको मृत्यु भएमा ।

## परिच्छेद -५
## सेवाशर्त र सुविधाहरु

**१६.स्वयंसेवकको सेवाशर्तः** (१) कृषक स्वयंसेवक सेवा अन्तरगत परिचालन हुने स्वयंसेवकहरुको सेवाशर्त देहाय बमोजिमको हुने छः

क) कृषक स्वयंसेवकको सेवा अवधि १ (एक) वर्षको हुने छ।

ख) कार्यकारी समितिले कार्य प्रकृतिको आधारमा म्याद थप गर्न सक्ने छ ।

**१७.स्वयंसेवकहरुलाई दिईने सुविधाहरुः**

(१) कृषक स्वयंसेवक सेवा अन्तरगत परिचालन हुने स्वयंसेवकहरुलाई निर्देशक समितको निर्णय अनुसार मासिक निर्वाह भत्ता तथा अन्य सुविध उपलब्ध गराईने छ।

(२) स्वयंसेवकहरुले तोकेबमोजिमका सर्तहरु पालना गर्नु पर्ने छ ।

**१८.स्वयंसेवकको आचरणः**

(१) ईमान्दार, शिष्ट ,नम्र, पारदर्शी तथा सदाचार व्यवहार अवलम्बन गर्नुपर्ने ।

(२) सार्वजनिक र अन्य निकायको काम कारवाहिमा हस्तक्षेप गर्न नहुने ।

(३) सामाजिक सद्भाव र शान्ति व्यवस्थामा खलल पुरयाउने काम गर्न नहुने ।

(४) दलगत आस्था र सम्बद्धता राख्न नहुने ।

(५) नेपाल सरकार, प्रदेश सरकार र स्थानिय तहको विद्यमान नीतिको प्रतिकुल हुनेगरी व्यवहार नगर्ने ।

**१९.अनुगमन तथा प्रतिवेदन सम्मन्धि व्यवस्थाः**

(१) "कृषक स्वयंसेवक परिचालन कार्यविधि २०७८" अनुसार खटिएका स्वयंसेवकहरुलाई घोडाघोडी नगरपालिका र अन्तरगतका वडा कार्यालय बाट अनुगमन गरिने छ।

(२) अनुगमन प्रतिवेदन तथा स्वयंसेवकले मासिक पेश गरेको कार्य प्रगति प्रतिवेदनको आधारमा कृषि शाखाले वार्षिक प्रगति प्रतिवेदन तयार गरी कार्यसमिति तथा निर्देशक समितिमा पेश गर्ने ।

आज्ञाले
प्रमुख प्रशासकीय अधिकृत

घोडाघोडी स्थानीय राजपत्र